# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः ९ मितिः २०८०।११।१४

## भाग - २

# नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०
# (प्रथम संसोधन,२०८०)

शिवराज नगरपालिकाको नगर प्रहरी ऐन,२०७९ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगर कार्यपालिकाले यो "**नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० (प्रथम संसोधन,२०८०)**" बनाई लागू गरेको छ।

# नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०
# (प्रथम संसोधन,२०८०)

<u>नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/१०/२६</u>

शिवराज नगरपालिकाको "**नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०"** लाई संसोधन गर्न बाञ्छनीय भएकोले नगर कार्यपालिकाबाट देहाय अनुसार संसोधन गरिएको छ।

**<u>दफा ११ (१) मा संसोधन</u> : कार्यविधिको दफा ११ को उपदफा (१) नगर प्रहरी पदको लागि खुल्ला प्रतियोगितामा भाग लिने व्यक्तिको उमेर हद सम्वन्धि व्यवस्था** : नगर प्रहरी सहायक निरिक्षक पदका लागि नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा नेपाल भन्दा बाहिरी देशको सेना तथा प्रहरीबाट अवकाश लिई आएको नेपाली नागरिकको हकमा ४० बर्ष ननाघेको हुनु पर्ने।

**<u>दफा ११ (२) मा संसोधन</u> : कार्यविधिको दफा ११ को उपदफा (२) नगर प्रहरी पदको लागि आवश्यक न्युनतम शैक्षिक योग्यता सम्वन्धि व्यवस्था** : नगर प्रहरी सहायक निरिक्षक पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह वा सो सरह उत्तिर्ण गरेको, नगर प्रहरी हवल्दार पदको लागि एस.ई.ई. वा सो सरह उत्तिर्ण गरेको र नगर प्रहरी जवान पदको लागि कक्षा-८ उत्तिर्ण गरेको हुनु पर्ने।

*<u>प्रमाणिकरण मिति : २०८०।११।१३</u>*

**आज्ञाले,**
**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**